जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९  स.वि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१  अंक ७५  २०७८ साल असोज २५ गते सोमबार (11 Oct. 2021 Monday)  मूल्य रु. ५/-

लागूऔषध रहित परिवारः स्वस्थ जीवनको आधार

- टोलाउने, लठ्ठ परिरहने, एकान्तमा बस्न रुचाउने,
- काममा जान मन नगर्ने, दुब्लाउँदै जाने, सरसफाईमा ध्यान नदिने,
- अनावश्यक खर्च गर्ने लगायत लागूऔषध दुर्व्यसनीका लक्षणहरु हुन सक्छन

यस्ता लक्षण देखिएमा समयमै नजिकको परामर्श केन्द्र वा चिकित्सकसँग सम्पर्क गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : नेपालमा कोरोना सङ्क्रमण... ३ पृष्ठमा : दसैंका लागि उपत्यका ... ३ पृष्ठमा :अमेरिकामा कोरोनाका ...

# सप्तरीको सुरुङ्गा नगरपालिका बैज्ञानिक गाउँ कार्यक्रम लागु भएको मुलुककै दोश्रो पालिका




**दैनिक समाचारदाता**
**राजविराज, २४ असोज ।**

सप्तरीको सुरुङ्गा नगरपालिका बैज्ञानिक गाउँ कार्यक्रम लागु भएको मुलुककै दोश्रो पालिका भएको छ ।

स्थानिय कृषक र जनप्रतिनिधिको चासो तथा सम्भाव्यता अध्ययनपछि नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) ले दोश्रो पालिकाको रुपमा सुरुङ्गा नगरपालिकाको चयन गरेको हो ।

नास्टका वरिष्ठ बैज्ञानिक अधिकृत डा. जयकान्त राउतले यसअघि उक्त कार्यक्रम गोरखा जिल्लाको सिरान चौक गाउँपालिकामा मात्र लागु भएको आइतबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिएका छन् ।

बैज्ञानिक गाउँ कार्यक्रमका संयोजक समेत रहेका डा. राउतले यस भेगका किसान र जनप्रतिनिधिले देखाएको चासो र स्थलगत अध्ययनपछि मुलुककै दोश्रो पालिकाको रुपमा सुरुङ्गा नगरपालिकालाई चयन गरिएको बताए ।

कार्यक्रम अन्तरगत स्थानियस्तरमा उत्पादन बृद्धिका लागि च्याउको बिऊ उत्पादन प्रयोगशाला समेत स्थापना गरि गतिविधी सुरु गरिएको छ । उक्त नगरपालिकाको वडा नं. ३ मा स्थापना गरिएको प्रयोगशालामा ९ लाख ८८ हजार ४ सय ६७ रुँपैयाको बैज्ञानिक उपकरण र औजारसमेत जडान गरि काम सुरु गरिएको नाष्टका प्रशासकीय अधिकृत दिलिपकुमार श्रीवास्तवले जानकारी दिए ।

कार्यक्रम पुर्ण संचालनका लागि नास्टले ६० प्रतिशत र सुरुङ्गा नगरपालिकाले ४० प्रतिशत लगानी गर्ने सम्झौता भएको मेयर मुक्तिनाथ चौधरीले जानकारी दिए ।

कार्यक्रममा सहभागि हुने कृषकका लागि नाष्टका प्रशिक्षक सुमन महर्जनको नेतृत्वमा प्रशिक्षण कार्य समेत सुरु गरिएको वडा अध्यक्ष रुद्र बहादुर कार्कीले बताए ।

# जसजाका प्रदेश मुख्यसचिव शम्भु झाद्वारा राजीनामा

**दैनिक समाचारदाता**
**राजविराज, २४ असोज ।**



जनता समाजवादी पार्टी ( जसपा) नेपालका प्रदेश २ का मुख्यसचिव शम्भु झाले आइतबार पार्टीको सम्पूर्ण जिम्मेवारीबाट राजीनामा दिएका छन् ।

सामाजिक सञ्जालमार्फत उनले पार्टीमा काम गर्ने आफ्नो योग्यता र क्षमता नभएकोले आइतबारकै मितिबाट पार्टीको सम्पूर्ण जिम्मेवारीबाट राजीनामा दिएको उल्लेख गरेका छन् ।

उनले 'म जनता समाजवादी पार्टीको मुख्यसचिव भएर विगत ५ वर्ष २ महिना देखि काम गरे।मेरो योग्यता र क्षमता भन्दा ठुलो पद मैले

*बाँकी अन्तिम पृष्ठमा*

## मंगलमय शुभकामना

हिन्दुहरुको महान पर्व २०७८ को वडा दशैं, शुभ दिपावली तथा छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण जिल्लावासी, नगरवासी, वडावासी, शेयर सदस्य तथा सम्पूर्ण संस्थासँग आवद्ध शुभचिन्तकहरुमा सुस्वास्थ्य, दिर्घायु तथा उत्तरोत्तर प्रगतिको मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



**भुपेन्द्र प्रसाद यादव**
**अध्यक्ष, तथा**
**समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.**
**राजविराज ८, परिवार**

## हार्दिक मंगलमय शुभकामना

२०७८ सालको विजया दशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सम्पूर्ण नगरवासी तथा जिल्लावासीमा सुस्वास्थ्य, दिर्घायु एवं शान्तिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।





**ध्रुव कुमार देव**
**महासमिति सदस्य**
**नेपाली कांग्रेस**
**सप्तरी**

## मंगलमय शुभकामना

२०७८ सालको विजयादशमी, शुभ दीपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु तथा शान्तिको कामना गर्दै सम्पूर्ण वडा, नगर एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।



**माँगिलाल नाई**
**अध्यक्ष**
**राजविराज ७, सप्तरी**

## मंगलमय शुभकामना

२०७८ सालको विजयादशमी, शुभ दीपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु तथा शान्तिको कामना गर्दै सम्पूर्ण वडा, नगर एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।



**जयनारायण मण्डल**
**अध्यक्ष**
**राजविराज ८, सप्तरी**

## मंगलमय शुभकामना

२०७८ सालको विजयादशमी, शुभ दीपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु तथा शान्तिको कामना गर्दै सम्पूर्ण वडा, नगर एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।



**शम्भु प्रसाद यादव (लाली)**
**अध्यक्ष**
**राजविराज ९, मलेठ, सप्तरी**

# नेपालमा कोरोना सङ्क्रमण ६० प्रतिशतले घट्यो

काठमाडौँ, २४ असोज (रासस)।

नेपालमा कोरोना भाइरसको सङ्क्रमण ६० प्रतिशतले घटेको जनाइएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालये ६० प्रतिशतले सङ्क्रमण घटेको जनाएको हो। मन्त्रायको प्रवक्ता डा कृष्णप्रसाद पौडेलले एक महिनाका बीचमा ६० प्रतिशतले सङ्क्रमण घटेको जानकारी दिनुभयो।

उहाँका अनुसार भदौको पहिलो साता ४० हजार ३३८ जना सक्रिय सङ्क्रमित रहेकामा अहिले असोजको पहिलो साता त्यो सङ्ख्या १५ हजार ९४२ पुगेको छ।

उहाँले यो सङ्क्रमणमा उल्लेख्य कमी देखिएका कारणहरूमध्ये कोरोना भाइरस विरुद्धको खोपको पनि योगदान रहेको बताउनुभयो। साथै भाइरसबाट बच्न नेपाल सरकारले अख्तियार गरेको नीति तथा सर्वसाधारणले जनस्वास्थ्यका मापदण्ड लागु गर्नु सङ्क्रमण घट्नुको अर्को कारण भएको उहाँले बताउनुभयो।

शनिबार मात्र १२ हजार ३१ जनामा कोरोना परीक्षण गर्दा ७६० जनामा सङ्क्रमण देखिएको थियो। अहिले कुल परीक्षणमा ७ प्रतिशत मात्र सङ्क्रमण देखिने गरेको उहाँले बताउनुभयो।

शनिबार सक्रिय सङ्क्रमित १५ हजार ३४० जना रहेका थिए। पाँच सयभन्दा बढी सङ्क्रमित हुने जिल्लामा मोरङ, सुनसरी, झापा, काठमाडौँ, ललितपुर, भक्तपुर, कास्की र रुपन्देही रहेका छन्।

नेपालमा सङ्क्रमण दर १८.७ प्रतिशत र सङ्क्रमणमुक्त हुने दर ९६.७ प्रतिशत रहेको छ। त्यस्तै नेपालमा कोरोना भाइरस विरुद्धको खोप लक्ष्यअनुसार लगाएको पाइएको छ।

असोज मसान्तसम्म कुल जनसङ्ख्याको ३३ प्रतिशत जनसङ्ख्यालाई खोप लगाउने लक्ष्य रहेकोमा अहिलेसम्म पहिलो मात्रा ४० प्रतिशत र पूर्णमात्रा ३२ प्रतिशतलाई लगाइएको मन्त्रालयका प्रवक्ता डा पौडेलले जानकारी दिनुभयो। यसरी सरकारको लक्ष्यअनुसार नै नागरिकले खोप पाउने सुनिश्चित भएको छ।

पहिलो मात्रा ८७ लाख दुई हजार ७०५ र पूर्णमात्रा ६९ लाख ६२ हजार १६४ जनालाई लगाइएको छ। १८ वर्षभन्दा माथिका दुई करोड १७ लाख ५६ हजार ७६३ जनालाई खोप लगाउने सरकारको लक्ष्य रहेको छ।

यस्तै काठमाडौँ उपत्यकाका काठमाडौँ, ललितपुर र भक्तपुरमा पहिलो मात्रा ८१ प्रतिशत र पूर्णमात्रा ७४ प्रतिशतलाई लगाइएको छ। यस्तै उपत्यकामा १७ लाख ४५ हजार ५७० जना र पूर्ण मात्रा १७ लाख ७९ हजार ८९७ जनालाई लगाइएको छ। उपत्यकामा १८ बर्षमाथिका २१ लाख २९ हजार ७७३ जना रहेका छन्।

नेपालमा अहिलेसम्म सङ्क्रमणमुक्त हुने नागरिक सात लाख ७५ हजार ७२ जना छन् भने सङ्क्रमणबाट ११ हजार २२१ जनाको निधन भइसकेको छ। हाल देशभर ३१७ जना सघन उपचार कक्ष (आइसीयू), ११३ जना भेन्टिलेटर, १४ हजार १६८ जना होम आइसोलेसन, एक हजार १७२ जना संस्थागत आइसोलेसन र २३६ जना क्वारेन्टिनमा रहेका छन।

# नवनियुक्त उद्योगमन्त्री हमालको राजीनामा स्वीकृत

काठमाडौँ, २४ असोज (रासस)।

प्रधानमन्त्री शेरबहादुर देउवाले नवनियुक्त उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गजेन्द्रबहादुर हमालको राजीनामा स्वीकृत गर्नुभएको छ। शुक्रबार पद तथा गोपनीयताको सपथ लिनुभएका मन्त्री हमालले आइतबार बिहान पदबाट राजीनामा दिनुभएको थियो।

प्रधानमन्त्री देउवाले हमालको नियुक्तिका विषयमा प्रश्न उठेपछि राजीनामा गर्न अनुरोध गर्नुभएको र सोही अनुरोध स्वीकार गर्दै हमालले पदबाट राजीनामा गर्नुभएको प्रधानमन्त्रीको संसदीय दलका स्वकीय सचिव केशवराज जोशीले जानकारी दिनुभयो।

विभिन्न सञ्चारमाध्यममा आएका समाचार र कानुनविद्ले प्रश्न उठाएपछि हमालले पदबाट राजीनामा गर्नुभएको स्वकीय सचिव जोशीले बताउनुभयो। आफू लामो समयदेखि नेपाली कांग्रेसका विभिन्न पदमा सक्रिय रही बाँकेको पार्टी सभापतिसमेत भएर काम गरेकाले सोहीअनुसार मूल्याङ्कन गरी प्रधानमन्त्रीले आफूलाई मन्त्री पदमा नियुक्ति गर्नुभएको हमालले राजीनामा पत्रमा उल्लेख गर्नुभएको छ स।

विभिन्न सञ्चारमाध्यममा सम्प्रेषित समाचार तथा कानुनविद्ले आफ्नो नियुक्तिलाई अन्यायपूर्वक अन्यत्र जोडी समाचार सम्प्रेषित गरेको र यस्ता समाचारले आफ्नो वर्षौंसम्म लोकतन्त्र, विधिको शासन तथा राज्यका निकायबीच शक्ति पृथकीकरणको सिद्धान्तका लागि लडेको लडाइँको समेत अवमूल्यन भएको वोध भएको पत्रमा उल्लेख छ।

आफ्नो नियुक्तिको विषयलाई लिएर प्रश्न उठेपछि पदभन्दा व्यवस्थाका लागि लडेको व्यक्ति भएकाले यस्तो आशङ्काकै बीच मन्त्री पदमा बसिरहन उपयुक्त नलागेको भन्दै मन्त्री हमालले पदबाट राजीनामा दिएको जनाउनुभएको छ। हमाल लामो समयदेखि कांग्रेसको राजनीतिमा क्रियाशील हुनुहुन्छ। उहाँले विसं २०२७ देखि कांग्रेसका विभिन्न पदमा बसेर काम गरिसक्नुभएको छ।

# सूचना नदिने क्याम्पस प्रमुखलाई १५ हजार जरिवाना

काठमाडौँ, २४ असोज (रासस)।

राष्ट्रिय सूचना आयोगले सूचना नदिने पद्मकन्या क्याम्पस, बागबजारका प्रधानाध्यापक धनप्रसाद पण्डितलाई रु १५ हजार जरिवानाको फैसला गरेको छ। सिन्धुपाल्चोक मेलम्ची नगरपालिका-१० घर भइ हाल काठमाडौँ कपन बस्ने आदित्य दाहालले गरेको पुनरावेदनमा सूचना आयोगले उक्त फैसला गरेको हो। दाहालले पद्मकन्या क्याम्पससँग २०७३/७४ देखि २०७५/७६ सम्मको आन्तरिक र महालेखा लेखापरीक्षकको अन्तिम लेखा परीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपी माग गर्नुभएको थियो।

साथै, दाहालले उक्त क्याम्पसमा सूचना अधिकारी तोकिएको छ/छैन भने जानकारी माग्दै सूचना अधकारी तोकिएको भए नियुक्ति गर्ने निर्णयका साथै नियुक्ति पत्रको प्रमाणित प्रतिलिपीसमेत माग गर्नुभएको थियो। सूचनाको हकसम्बन्धी ऐन २०६४, अनुसार उक्त क्याम्पससँग माग गरेको सूचना नपाएपछि सूचना मागकर्ता दाहालले कानुनअनुसार राष्ट्रिय सूचना आयोगमा २०७७ पुस २३ गते सूचना नदिने प्रमुख र सूचना अधिकारीलाई विपक्षी बनाई पुनरावेदन दर्ता गर्नु भएको हो।

पुनरावेदन दर्तापछि सूचना उपलब्ध गराउनु भन्दै आयोगबाट पटक-पटक भएको आदेशको पालना नगरी सूचना उपलब्ध नगराएकाले संविधान प्रदत्त नागरिक अधिकार र कानूनले व्यवस्था गरेको सूचनाको हकको ठाडो उल्लङ्घन गरेको भन्दै आयोगले १५ हजार जरिवाना हुने ठहर गरेको हो।

सूचना आयोगले कार्यालय प्रमुखलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उपदफा (१) बमोजिम अक्षरेपी १५ हजार जरिवाना हुने र सूचना उपलब्ध गराउनुपर्ने फैसला गरेको आयोगका आयोगका सूचना अधिकारी विश्वबन्धु पोखरेलले बताउनुभयो।

पुनरावेदकले मागेको सूचनासमेत उपलब्ध नगराएको, आयोगबाट भएका आदेश र पत्राचारको समेत पटक-पटक उल्लङ्घन गरेको साथै, गैरजिम्मेवार चरित्र प्रदर्शन गरेकाले संविधान प्रदत्त नागरिकको मौलिक हकको प्रचलनका लागि दण्डित गर्नुपर्ने देखिएको आयोगको निर्णयमा उल्लेख छ।

# मोतिपुर घटनामा चारको मृत्यु

बुटवल, २४ असोज (रासस)।

रुपन्देहीको बुटवल उपमहानगरपालिका-१७ र १८ स्थित मोतिपुर औद्योगिक क्षेत्रमा जग्गा कब्जा गर्ने समूह र प्रहरीबीच झडप हुँदा चार जनाको मृत्यु भएको छ।

मृत्यु भएकामध्ये तीनको सनाखत हुन नसकेको र एकको सनाखत भएको शिक्षण अस्पताल (युसिएमएस) का जनसम्पर्क अधिकृत सुशील गुरुङले जानकारी दिनुभयो। उहाँका अनुसार मृत्यु हुनेमा करिब ४८ वर्षीय कपिलवस्तुको वाणगङ्गा नगरपालिका-४ का रमेश परियार रहेका छन्। उनको अस्पतालमा उपचारका क्रममा मृत्यु भएको थियो। अन्य तीनको अस्पताल लैजाँदै गर्दा बाटोमा मृत्यु भएको गुरुङले बताउनुभयो। मृत्यु भएकाहरू सर्वसाधारण हुन्। अस्पतालमा अन्य पाँच प्रहरी र चार सर्वसाधारणको उपचार भइरहेको छ। घटनाको विस्तृत विवरण आउन बाँकी छ।

प्रहरीले अस्थायीरूपमा बनाइएका टहराहरूसमेत भत्काएको छ। झडपमा परी कैयौँ घाइते भएका छन्। सो औद्योगिक क्षेत्रको नदी उकास क्षेत्रमा गत सातादेखि ठूलो सङ्ख्यामा अस्थायी टहरा बनाएर जग्गा अतिक्रमण भएको थियो तर अतिक्रमित जग्गाबाट स्थानीयवासी हट्न नखोजेपछि प्रहरीले बल प्रयोग गरेको बताइएको छ।

जग्गामा गत चैतमा औद्योगिक क्षेत्रको शिलान्यास गर्दा स्थानीयवासीले विरोध गरेका थिए। करिब २०० बिघा जग्गा सुकुम्बासीको नाममा कब्जा गर्ने प्रयास भइरहेको थियो। विसं २०७२ चैत १ मा रुपन्देहीको मोतिपुरमा पाँच वर्षभित्र औद्योगिक क्षेत्र निर्माण गर्ने घोषणा भएको थियो। बुटवल उपमहानगरपालिकासहित तिलोत्तमा नगरपालिका, सियारी र शुद्धोधन गाउँपालिकासित जोडिएको तिनाउ नदी उकास क्षेत्रको सार्वजनिक जग्गामा औद्योगिक क्षेत्र बनाउनेमा सबै दलको सहमति थियो।

# थप ५९६ मा सङ्क्रमण

काठमाडौँ, २४ असोज (रासस)।

विगत २४ घण्टामा ५९६ जनामा कोरोना भाइरसको सङ्क्रमण देखिएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार १२ हजार ४०४ जनामा कोरोना परीक्षण गर्दा उक्त सङ्ख्यामा सङ्क्रमण देखिएको हो।

आइतबार थपिएका सँगै देशभर सक्रिय सङ्क्रमित १५ हजार २४ रहेका छन्। पछिल्लो २४ घण्टामा ८७१ जना सङ्क्रमणमुक्त भएका छन्। योसँगै अहिलेसम्म सङ्क्रमणमुक्त हुनेको सङ्ख्या सात लाख ७५ हजार ९४३ पुगेका छन्। नेपालमा सङ्क्रमणमुक्त हुने दर ९६.७ प्रतिशत छ।

यस्तै सङ्क्रमणबाट पछिल्लो २४ घण्टामा १० जनाको ज्यान गएको छ। अहिलेसम्म सङ्क्रमणबाट ११ हजार २३१ जनाको निधन भइसकेको छ। हाल देशभर ३२२ सघन उपचारकक्ष (आइसीयू), ११३ भेन्टिलेटर, १३ हजार ८५९ होम आइसोलेसन, एक हजार १६५ संस्थागत आइसोलेसन र २३४ जना क्वारेन्टिनमा छन्।आइतबार ७८ हजार ९२७ जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन्।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No.: 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

हार्दिक मंगलमय शुभकामना

२०७८ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
शत्रुघन प्रसाद गुप्ता
अध्यक्ष, तथा
नेपाल सहकारी संस्था लि.
राजविराज ३, सप्तरी, परिवार

# दसैंका लागि उपत्यका छाड्नेको सङ्ख्या बढ्न थाल्यो

काठमाडौँ, २४ असोज (रासस)।

नेपालीको महान् चाड बडादसैं नजिकिएसँगै उपत्यका छाड्ने यात्रुको सङ्ख्या बढ्न थालेको छ। यही असोज १ देखि सात गतेसम्म भित्रिने र बाहिरिने यात्रु बराबर थिए। अहिले भने बाहिरिने यात्रु बढिरहेको महानगरीय ट्राफिक प्रहरी महाशाखाले जनाएको छ। काठमाडौँ भित्रिने र बाहिरिने यात्रुको सङ्ख्या विश्लेषण गर्दा अहिलेसम्म औपचारिकरुपमा एक लाख बढी यात्रु काठमाडौँबाट बाहिरिएका छन्। प्रहरीलेको अभिलेखभन्दा बाहिरबाट समेत यात्रु बाहिरिएका छन्।

महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक जनक भट्टराईले विस्तारै यात्रु बाहिरिनेक्रम बढिरहेका र दसैं बिदा सुरु भएपछि भने यो सङ्ख्या अझै बढ्ने बताउनुभयो। “अहिलेसम्म सामान्यरुपमा बढिरहेको छ, आइतबारदेखि भने बाहिरिने यात्रुको चाप बढ्छ”, महाशाखाका प्रमुख भट्टराईले भन्नुभयो, “यात्रुको सहजताका लागि हामीले चुस्त ट्राफिक व्यवस्थापन मिलाएका छौँ, बाहिरिने यात्रुका सहज व्यवस्थापनका लागि रातदिन नभनी प्रहरी खटाइएको छ।”

यही असोज १६ गतेसम्म यात्रु हाराहारीमा भित्रिने र बाहिरिने गरेका थिए। प्राप्त विवरणअनुसार १६ गते भित्रिने सङ्ख्या ४२ हजार २२६ थियो भने बाहिरिने सङ्ख्या ४१ हजार ४८४ थियो। त्यसपछि भने बाहिरिने यात्रुको चाप बढेको हो। असोज १६ गते भित्रिने ३८ हजार ७४९ रहेकामा बाहिरिने यात्रु बढेर ४३ हजार ४३९ पुगेका थिए। त्यसपछि क्रमशः बाहिरिने यात्रु बढ्न थालेका हुन्।

यही असोज २१ गते सात हजार २८० सवारी साधनमा ३४ हजार १४६ यात्रु भित्रिएकामा सोही दिन सात हजार ८१४ सवारी साधनमा ४५ हजार ३६२ यात्रु बाहिरिए। महाशाखाले दिएको तथ्याङ्कअनुसार असोज २२ गते शुक्रबार छ हजार ७७८ सवारीमा ३२ हजार ९८४ यात्रु भित्रिएका थिए। सोही दिन सात हजार ३१५ सवारीमा झण्डै ५२ हजार यात्रु बाहिरिएका छ। त्यसपछि बाहिरिनेक्रम झन् बढिरहेको महाशाखाले जनाएको छ।

असोज १ देखि २२ सम्ममा कूल एक लाख ४२ हजार २२७ सवारी साधनमा सात लाख ७६ हजार ३७१ यात्रु भित्रिएका तथ्याङ्क छ। सोही अवधिमा कूल एक लाख ४३ हजार ७७३ सवारी साधनमा आठ लाख ७० हजार ४९६ यात्रु बाहिरिएका महाशाखाले जनाएको छ। प्राप्त विवरणमा अहिलेसम्म यात्रु भित्रिने र बाहिरिने सङ्ख्याका हिसाबले एक लाख बढी यात्रु बाहिरिएका छन्।

यद्यपि रिजर्ब गरेर जाने यात्रुको सङ्ख्या यसपाली बढी छ। त्यसरी जानेको सङ्ख्या भने प्रहरीको अभिलेखमा रहँदैन। साथी वा आफ्नो परिवार मिलेर साना गाडी रिजर्ब गर्ने अनि घर जाने प्रचलन यसपाली बढी देखिएको महाशाखाका प्रहरी निरीक्षक जितेश दाहालले जानकारी दिनुभयो।

यसपाली असोज ११ गतेदेखि गाडीको अग्रिम टिकट बिक्री खुला गरिएको थियो। अहिले पनि अनलाइन वा प्रत्यक्ष भेटेर टिकट काट्ने यात्रुको चाप बढी छ। त्यस्ता काउन्टर तथा यात्रुको भिडभाड हुने क्षेत्रमा भिडभाड रोक्न प्रहरी परिचालन गरिएको महाशाखाले जनाएको छ।

प्रहरीले उपत्यकाका मुख्य चोकमा यात्रु सहायता कक्षा स्थापना गरी सेवा दिइरहेको छ। माइकिङ गरेर यात्रुलाई सचेत गराउने, सुरक्षित यात्राका लागि आग्रह गर्ने गरिरहेको छ। कोभिड--१९ का कारण उपत्यकामा विगतका वर्षमा भन्दा मानिस कम रहेका जनाइएको छ।

यद्यपि प्रहरीले चाडबाडका मौका छोपी चोरी तथा आपराधिक घटना घटाउनसक्ने हुनाले त्यसको निगरानीका लागि र शान्तिसुरक्षा कायम गर्न ७७ वटै जिल्लामा विशेष सुरक्षा योजना बनाएर लागू गरेको प्रहरी प्रधान कार्यालयले जनाएको छ।

प्रहरी प्रवक्ता वरिष्ठ उपरीक्षक वसन्तबहादुर कुँवरले साता पोशाकमा समेत प्रहरी परिचालन गरेर ठगी, कालोबजारी, चोरी आपराधिक क्रियाकलाप नियन्त्रण्मा प्रहरी खटाइएको जानकारी दिनुभएको छ।

चाडबाडका बेला आफैँ पनि सावधान हुन र केही समस्या घटना परेमा नजिकको प्रहरी कार्यालयमा सम्पर्क गर्न प्रहरी प्रधान कार्यालयले सबैमा अनुरोध गरेको छ।


मंगलमय शुभकामना

२०७८ सालको विजयादशमी, शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण विद्यार्थी, अभिभावक, शुभचिन्तक एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।



शम्भु प्रसाद यादव

प्रमुख, राजविराज नगरपालिका



मंगलमय शुभकामना

२०७८ सालको विजयादशमी, शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण विद्यार्थी, अभिभावक, शुभचिन्तक एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।



सतिशकुमार सिंह

अध्यक्ष, तिलाठी कोइलाडी गाउँपालिका



हार्दिक मंगलमय शुभकामना



२०७८ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

सचिन्द्र दास

अध्यक्ष, तथा

जनमूखी बहुउद्देश्यीय सहकारी संस्था लि.

राजविराज ४, सप्तरी, परिवार


## विश्व समाचार

### अमेरिकामा कोरोनाका कारण बढेको बेरोजगारी दर घट्दैछ

वासिङटन, २४ असोज (रासस/सिन्ह्वा)।

कोरोना भाइरसले क्षति पुर्‍याएको अमेरिकामा पछिल्ला समयमा भने केही सकारात्मक अवस्था देखिएको छ। यहाँ पछिल्लो समयमा आर्थिक क्रियाकलापहरु चलायमान भएसँगै रोजगारीका अवसरहरु सिर्जना हुने र यसबाट बेरोजगारहरुको संख्या पनि घट्दै गएको देखिएको छ।

अमेरिकामा गएको सेप्टेम्बर महिनामा कम्तीमा पनि १ लाख ९४ हजार रोजगारी सिर्जना भएको छ। प्राप्त समाचार अनुसार अमेरिकामा महामारीजन्य समस्याबाट उत्पन्न भएको बेरोजगारी दर विस्तारै घट्दै गएको देखिएको हो।

यहाँ सेप्टेम्बर महिनाको मात्र हिसाब गर्दा १ लाख ९४ हजार रोजगारी सिर्जना भएको छ र यसबाट कम्तीका पनि ४.८ प्रतिशत बेरोजगारी दरमा कमी आएको छ। अमेरिकाको श्रम विभागले यहाँ विस्तारै बेरोजगारी दरहरु घट्दै गएको देखिएको हो। कोरोना भाइरसका कारणले उत्पन्न भएको समस्यामा यहाँ केही सुधार भएको देखिएको छ।

पछिल्लो समय यहाँ खोपको सुनिश्चितासँगै कोरोना भाइरसको प्रकोप केही घटेको देखिएको र यसका कारण बजार खुलेको बताइएको छ।

अगष्ट महिनामा ३ लाख ६६ हजार जना नयाँ रोजगारी पाएका थिए। त्यसैगरी जुलाई महिनामा यो संख्या करिब १० लाख रहेको यहाँको श्रम विभागले हालै प्रकाशन गरेको एक तथ्यांकमा देखाइएको छ।

उक्त तथ्यांकअनुसार यो वर्षको औसतमा हेर्दा मासिक रुपमा पाँच लाखभन्दा बढी रोजगारी सिर्जना भएका पाइएको छ। उक्त विभागले यहाँ मासिक रुपमा हेर्दा रोजगारी सिर्जना हुदै गएको र यहाँको श्रम बजारमा बेरोजगारी दर पनि घट्दै गएको देखिएको छ।

### अफगानिस्तानमा तालिबान शासन सुरु भएपछिको ठूलो हिंसात्मक आक्रमण

काबुल, २४ असोज (रासस/सिन्ह्वा)।

अफगानिस्तानमा गत महिना तालिबानहरुले विद्रोह गरेर शासन सत्ता आफ्ना हातमा लिएपछि दुई दिनअघि सबैभन्दा ठूलो हिंसात्मक हमला भएको छ। काबुलमा भएको सो हिंसात्मक विस्फोटमा परी कम्तीमा पनि ५० जनाको ज्यान गएको बताइएको छ।

एक जना आत्मघाती बम हमलाकारीले उत्तरी अफगानिस्तानको कुन्दुजमा रहेको एउटा मस्जिदमा प्रार्थनाको समय पारेर सो आक्रमण गरेको थियो। उक्त आत्मघाती हमलामा परी कम्तीमा ५० जना मारिएको अधिकारीहरूले बताएका छन्।

बिहीबार सो हमला भएको थियो। त्यसमा परेर अरु १०० जनाभन्दा बढी घाइते भएको बताइएको छ। गम्भीर प्रकृतिका घाइतेहरुको मृत्यु हुने क्रम बढेको बताइएको छ।

यहाँको एक मस्जिदमा गरिएको सो हमलामा परी मारिएकामा अल्पसंख्यक सिया समुदायका रहेका पनि पाइएको छ। यस आक्रमणको हालसम्म कुनै पनि समूहले जिम्मेवारी लिएको छैन।

यस हमलामा इस्लामिक स्टेट्सको हात हुन सक्ने प्रहरीले जनाएको छ। साथै यहाँका सुन्नी मुसलमान अतिवादीहरूको पनि हात हुनसक्ने अनुमान गरिएको छ। पछिल्लो समयमा अफगानिस्तानमा रहेको इस्लामिक स्टेटले हिंसात्मक रूपमा नै तालिबानको विरोध गर्दै आएको छ। त्यसैले आक्रमणमा यसैको हात हुन सक्ने अनुमान गरिएको छ।

### पाकिस्तानी ‘परमाणु हतियारका पिता’ अब्दुल कदीर खानको ८५ मा निधन

इस्लामाबाद, २४ असोज (रासस/एएफपी)।

पाकिस्तानको ‘परमाणु बमका पिता’ का रूपमा सम्मानित अब्दुल कदीर खानको निधन भएको छ। उहाँ ८५ बर्षको हुनुहुन्थ्यो। उहाँलाई कोभिड-१९ सङ्क्रमणपछि स्वास्थ्यमा आएका समस्याको उपचारका लागि इस्लामावादस्थित एक अस्पताल भर्ना गरिएको थियो। उहाँको उपचारका क्रममा निधन भएको पाकिस्तानी अधिकारीहरूले आइतबार पुष्टि गरेका छन्। पाकिस्तानी परमाणु वैज्ञानिकलाई आफ्नो देशलाई विश्वकै पहिलो इस्लामिक आणविक शक्तिमा परिणत गरेकोमा राष्ट्रिय नायकको रूपमा सम्मान गरिएको थियो। यद्यपि पश्चिमा मुलुकहरूले उहाँलाई हेर्ने फरक आँखाले हेर्ने गरेका पाइन्छ।

फोक्सोको समस्याले गर्दा इस्लामाबादको केआरएल अस्पतालमा सारिएपछि उहाँको मृत्यु भएको पाकिस्तानको राज्यद्वारा सञ्चालित राष्ट्रिय प्रसारक पीटिभीले पुष्टि गरेको छ। खानलाई अगस्तमा कोभिद-१९ सँगै त्यही अस्पतालमा भर्ना गरिएको थियो तर केही हप्ताअघि उहाँ घर फर्किन सक्ने बताएपछि घर लगिएको थियो। उहाँको स्वास्थ्यमा पुन स्वासप्रस्वाससम्बन्धी समस्या देखिएपछि सोही अस्पतालमा लगिएको थियो।

पाकिस्तानका राष्ट्रपति आरिफ अल्भीले एक ट्वीटमा भन्नुभएको छ,“‘डा. अब्दुल कादिर खानको निधनको खबरले आफू निकै दुःखी भएको बताउनुभएको छ। सन् १९८२ देखि नजिकबाट चिनेदेखि नै मैले उहाँप्रति व्यक्तिगत रूपमा तथा पाकिस्तानी राष्ट्रपतिका हैसियतले उच्च सम्मान गर्दै आएको थिएँ।”

“उहाँले हामीलाई राष्ट्रको प्रतिरक्षा प्रणाली मजबुत पार्न आणविक प्रणालीको विकास गर्न मदत गर्नुभएको थियो। राष्ट्रले उहाँको सेवा कहिल्यै बिर्सनुहुनेछैन।” खानले परमाणु क्षेत्रमा राष्ट्रलाई आर्क-राइभल भारतसँग मिलाएर आफ्नो सुरक्षालाई ‘अजेय’ बनाएकोमा प्रशंसा गरिएको थियो। इरान, लिबिया र उत्तर कोरियासँग अवैध रूपमा आणविक प्रविधि बाँडेको आरोप लागेका कारण उहाँको योगदान र उचाइ छायाँमा परेको बताउने गरिएको छ। खानलाई सन् २००४ मा राजधानी इस्लामाबादमा तीन देशहरूमा प्रसार सञ्जाल चलाएको स्वीकार गरेपछि घरमा नै कडा नजरबन्दमा राखिएको थियो।

सन् २००६ मा खानलाई प्रोस्टेट क्यान्सर भएको थियो तर शल्यक्रियापछि उहाँलाई उक्त समस्या निको भएको थियो। पाकिस्तानी अदालतले उहालाई नजरबन्दबाट रिहा गर्न आदेश दिएपछि फेब्रुअरी २००९ मा उहाँले खुला हिँडडुलका लागि अनुमति पाउनु भएको थियो।

# व्यवसायिक साक्षरता तालिम सम्पन्न




**दैनिक समाचारदाता**
**राजविराज, २४ असोज ।**

सप्तरीको राजगढ गाउँपालिका वडा नं. ४ स्थित बेल्हीमा आइतबार तीन दिने व्यवसायिक साक्षरता तालिम सम्पन्न भएको छ ।

युरोपियन यूनियनको आर्थिक सहयोग, वेल्टहङ्गरहिल्फेको प्राविधिक सहयोग तथा आसमान नेपालको अगुवाईमा राजगढ गाउँपालिका एवं दलित सरोकार मञ्च नेपाल सप्तरीको सहकार्यमा राजगढ गाउँपालिकामा नागरिक सक्रियता परियोजनाबाट तीन दिने व्यवसायिक साक्षरता तालिम सञ्चालन भएको हो ।

सो तालिममा राजगढ गाउँपालिकाका वडा नं. १ का सृजनशिल महिला समूह तथा वडा नं. ५ का बाबा बजरंगवली महिला समुहकी महिला/युवती सदस्यहरुलाई उक्त व्यवसायिक साक्षरता तालिम सञ्चालन गरिएको दलित सरोकार मञ्चका सुशासन सहजकर्ता उपेन्द्र कुमार मरिकले बताए ।

उक्त समापन समारोहको अध्यक्षता दलित सरोकार मञ्चका जिल्ला संयोजक राजकुमार पासवान एवं प्रमुख अतिथि राजगढ गाउँपालिकाकी उपाध्यक्ष पुष्पमाला कुमारी मण्डल रहेकी थिईन् ।

सो तालिममा सफल उद्यमीमा हुनुपर्ने गुण र विशेषताको वारेमा प्रस्तुति र उद्यमी क्षमता मुल्यांकन, व्यवसायिक योजनाको खाका, व्यायिक योजनाको खाका तयारी, लक्षित ग्राहकको पहिचान र विक्रय कलाको विकास, व्यवसायिक योजनाको महत्व, व्यवसायको अर्थ, प्रकार, महत्व र फाईदा, लागत तथा विक्रि मूल्य निर्धारण र लगत तथा लागतका तत्वहरु बजार र बजारीकरणलगायत बिषयबस्तुहरु समिटिएको दलित सरोकार मञ्च सप्तरीका जिल्ला संयोजक पासवानले जानकारी दिए ।

# प्रहरी हिरासतमा युवाद्वारा आत्महत्या, स्थानियवासीद्वारा बिरोध

**दैनिक समाचारदाता**
**सुनसरी, २४ असोज ।**

जिल्ला प्रहरी कार्यालय सुनसरीको हिरासत एक युवकले आत्महत्या गरेका छन् । केही दिन अगाडि पक्राउ परेका नरसिंह गाउँपालिका ५ का हकिव मियाँले प्रहरी कार्यालयभित्रको हिरासतमा पासो लगाएर आत्महत्या गरेको प्रहरी नायब उपरीक्षक नरेन्द्रकुमार कार्कीले जानकारी दिएका छन् ।

इनरुवा-९ बबियामा एक केटीसँग प्रेममा परेर फरार भएका हकिवलाई केही दिन अगाडि मात्र पक्राउ गरिएको थियो । पक्राउ परेका हकिवले पासो लगाएर आत्महत्या गरेको प्रहरी नायब उपरीक्षक कार्कीले बताए ।

प्रहरीले हत्या गरेको आफन्तले आरोप लगाएका छन् । हिरासतभित्र केही सामग्री छिर्न नदिने गरेकाले कसरी हकिवले हिरासतभित्र पासो लगाएर आत्महत्या गरेको भन्दै आफन्तको आरोप छ ।

यसैबीच आक्रोशित स्थानीयवासीले इनरुवा बजारमा विरोध प्रदर्शन गरेका छन् । आक्रोशित स्थानीयवासीले इनरुवा बजार बन्द गराउनुका साथै जिल्ला प्रहरी कार्यालय अगाडि टाइर बालेर प्रदर्शन गरिरहेका छन् । स्थानीयवासीले प्रहरीको सवारीमाथिसमेत तोडफोड गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । भीड नियन्त्रण गर्न केही राउण्ड अश्रुग्याससमेत फायर गरिएको प्रहरीले जनाएको छ ।

# लागुऔषधसहित तीन युवक पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, २४ असोज ।**

प्रतिबन्धित लागुऔषधसहित तीन युवकलाई प्रहरीले पक्राउ गरेको छ ।

प्रहरी चौकी खिरौना र सशस्त्र प्रहरी बल बुधौरा सिरहाबाट खटिएको संयुक्त टोलीले आइतबार सिरहा नगरपालिका-१५ बुधौरास्थित दशगजाबाट लागुऔषधसहित सिरहा २१ लकडीगोठका १९ वर्षीय विमलेश कर्ण, २६ वर्षीय वंशराज मुखिया र सप्तरीको राजविराज ९ का १९ वर्षीय निकित कुमारलाई पक्राउ गरेको हो ।

बिआर ३२ एजी ५५११ नंको मोटरसाइकलमा सवार तीनै जनालाई जाँच गर्दा नाइट्रोभेट नामक लेखिएको १० पत्ता (३०० टचाबलेट) लागुऔषध बरामद भएको र उनीहरूमाथि थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

## जसजाका ...

पाएँ । म आफ्नो कार्यकालका प्रदेश अध्यक्ष आदररणीय रेणु यादव र आदरणीय विजय यादव प्रति सदैव ॠणी रहिरहने छु । म बाचुन्जेल अन्य कुनै पनि राजनीतिक पार्टीमा जाँदिन । यस पार्टीमा काम गर्ने मेरो योग्यता र क्षमता नभएकोले आइतबारको मिति देखि म जसपाको प्रदेश मुख्यसचिव लगायत पार्टीको सम्पुर्ण जिम्मेवारी वाट राजीनामा दिएको कुरा आदरणीय राष्ट्रीय अध्यक्ष तथा प्रदेश अध्यक्ष लाई यसै मार्फत जानकारी गराऊन चाहन्छु ।' सामाजिक संजालमा लेखेका छन् ।


हार्दिक मंगलमय शुभकामना

२०७८ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, गाउँवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



विश्वनाथ मण्डल
अध्यक्ष
तथा
जन ज्योति कृषि सहकारी संस्था लिमिटेड
संचालक समिति परिवार
राजविराज ९, मलेठ, सप्तरी

मंगलमय शुभकामना

२०७८ सालको विजयादशमी, शुभ दीपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु तथा शान्तिको कामना गर्दै सम्पूर्ण वडा, नगर एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।



चन्द्रशेखर चौधरी
अध्यक्ष
राजविराज १, सप्तरी

मंगलमय शुभकामना

२०७८ सालको विजयादशमी, शुभ दीपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु तथा शान्तिको कामना गर्दै सम्पूर्ण वडा, नगर एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।



समिर झा
अध्यक्ष
राजविराज ५, सप्तरी

मंगलमय शुभकामना

२०७८ सालको विजयादशमी, शुभ दीपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु तथा शान्तिको कामना गर्दै सम्पूर्ण वडा, नगर एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।



प्रेमकुमार यादव
अध्यक्ष
राजविराज ६, सप्तरी

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit | City Express Money Transfer | Best Remit | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेवसाइट :** rajbirajdainik.com.np